सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा
माननीय न्यायाधीश श्री महेश शर्मा पौडेल
आदेश
मुद्दा नं. ०८०-WO-०३५२
विषयः-उत्प्रेषणयुक्त परमादेश ।

| | | |
|---|---|---|
| काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २९ स्थित कार्यालय रहेको जोशी ल एण्ड एशोसिएट्सको तर्फबाट अधिवक्ता दिपकराज जोशी.............................................................................. | १ | निवेदक पक्ष |
| **विरुद्ध** | | |
| नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं.............................................................................. | १ | विपक्षी प्रत्यर्थी |
| नेपाल सरकार, परराष्ट्र मन्त्रालय, सिंहदरबार काठमाडौं......................... | १ | |

नेपालको संविधान धारा १ (१) (२), धारा १८ (१) (२) (३), धारा २४, धारा २५, धारा २७, धारा २९(२), धारा ४४ (२), धारा ४६ तथा विदेश स्थित नेपाली नियोगको आर्थिक कार्यविधि, २०७९ र सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४१, ४९ बमोजिम पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः

रिट निवेदनको तथ्य

१ म निवेदक सचेत नेपाली नागरिक हुनुका साथै कानून व्यवसाय समेत गर्दै आइरहेको कानून व्यवसायी हुँ । मेरो ल फर्मबाट मैले पनि विदेशमा रहेका नेपाली नागरिकहरूलाई सेवा दिने क्रममा अधिकृत वारिसनामा पारित गर्ने कार्य गर्ने गरेको छु । यहि सिलसिलामा विपक्षी मन्त्रालय मातहतका राजदुतावासहरूबाट जारी हुने अधिकृत वारिसनामाको दस्तुरमा मनपरी किसिमको रहेको छ । नेपाली नागरिकले नेपालको कानून बमोजिम तिर्नु पर्ने रकम समेत मनोमानि रूपमा असुल उपर गरिरहेको हुँदा हामी कानून व्यवसायी तथा विदेशमा रहेका सबै

नेपाली नागरिकहरूको समेत रहेको हुँदा यस विषयलाई लिएर सार्वजनिक सरोकारको निवेदनको रुपमा प्रस्तुत रिट निवेदन लिई उपस्थित भएको छु । मुलुकी देवानी कार्यविधि संहिता, २०७४को दफा १५३(४) मा अधिकृता वारिसनामा प्रमाणित गरेको दस्तुर रू.५००।- (पाँच सय) लाग्ने व्यवस्था छ भने दफा १५४(५) अनुसार तीन पुस्ता भित्रकोलाई दफा १५३(४) अनुसार र बाँकीको हकमा रू. ५,०००।- (पाँच हजार रूपैयाँ) लिने व्यवस्था छ तर विदेशमा रहेको राजदुतावासले आफुखुशी अधिकृत वारिसनामा प्रमाणित गरेको दस्तुर लिने गरेको पाइन्छ । Embassy of Nepal Copenhegan, Denmark ले डेनिस क्रोनर १६०० लिने गरेको जसको आजको मूल्य १८.७६को दरले जम्मा रू. ३००१६।- (तीस हजार सोह्र) हुन आउँछ । Embassy of Nepal Qatar, Doha ले कतारी रियाल ३६५ लिने गरेको जसको आजको मूल्य ३६.५७को दरले जम्मा रू. १३,३४८।- (तेह्र हजार तीन सय अठचालीस) हुन आउँछ । Embassy of Nepal Saudi Arebia, Jeddah ले साउदी रियाल ३७५ लिने गरेको जसको आजको मूल्य ३५.५१ को दरले जम्मा रू. १३,३१६।- (तेह्र हजार तीन सय सोह्र) हुन आउँछ । Embassy of Nepal Australia, Canberra ले AUD $ 300.00 लिने गरेको जसको आजको मूल्य ८४.८३ को दरले जम्मा रू. २५,४४९।– (पच्चिस हजार चार सय उनापन्चास) हुन आउँछ । Consulate General of Nepal USA, New York ले USD $ 200.00 लिने गरेको जसको आजको मूल्य १३३.१७को दरले जम्मा रू. २६,६३४। (छब्बीस हजार छ सय चौंतीस) हुन आउँछ । Embassy of Nepal Ottawa, Canada à CAD २७० लिने गरेको जसको आजको मूल्य ९७.४४को दरले जम्मा रू. २६,३०८।- (छब्बीस हजार तीन सय आठ) हुन आउँछ । विभिन्न देशमा स्थित नेपाली नियोगहरूले नेपालीहरूको लागि अधिकृत वारिसनामा प्रमाणित गर्दा फरक-फरक दरं र रेटमा अधिकृत वारिसनामा प्रमाणित गरेको पाइन्छ । जबकी नेपाल कानूनमा तीन पुस्ताभित्रको हकमा रू.५००।- (पाँच सय) र सो देखि बाहेकको हकमा रू. ५,०००।- (पाँच हजार) भन्दा बढी लिन पाउने कानूनी व्यवस्था छैन । मुलुकी देवानी कार्यविधि संहिता २०७४को दफा १५३(४) का विपरित हुने गरी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको निर्णय र सो निर्णयका आधारमा विपक्षीहरूबाट अधिकृत वारिसनामा पास गर्दा लिएको गैहकानूनी दस्तुरका कारण विदेशमा बस्ने नेपाली नागरिक तथा म स्वयम् समेत विदेशमा रहेको अवस्थामा मैले पनि उक्त सुविधा लिन जाँदा मबाट समेत गैहकानूनी शुल्क असुल उपर हुने प्रबल सम्भावना रहेको छ। विपक्षीहरूबाट नेपाली नागरिकबाट अनधिकृत रुपमा रकम लिइरहेको कुरा प्रस्तुत गरिएको तथ्यबाट उजागर भएको छ । नेपालमा रहेका नेपाली नागरिकले एक किसिमको शुल्क तिर्ने

तर विदेश स्थित नेपाली नियोगहरूले मनपरी किसिमले शुल्क असूल उपर गर्दा यसबाट विदेशमा बस्ने नेपाली नागरिकहरू बीचमा विभेद भएको प्रष्ट हुन्छ । विदेश स्थित सबै नेपाली नियोगहरूमा नेपाल कानून बमोजिम नै कारोबार हुने सम्बन्धित कानूनमा नै स्पष्ट गरिएको छ । मुलुकी देवानी कार्यविधि संहिता, २०७४को दफा १५३ (२) मा मुद्दा किटान नगरी सामान्य रूपमा अधिकृत वारिस नियुक्त गर्नु परेमा नेपाल भित्र भए कुनै जिल्ला अदालतको न्यायाधीश र नेपाल बाहिर भए कुनै नेपाली राजदूत वा महावाणिज्यदूतको रोहवरमा वारिस नियुक्ति गर्ने व्यक्तिले अख्तियारनामामा सहीछाप गरी सो अख्तियारनामा निजबाट प्रमाणित गराउनु पर्नेछ भन्ने व्यवस्था रहेको हुँदा सोही कानून बमोजिम विपक्षी मन्त्रालय मातहतको नियोगहरूले पनि कागजात प्रमाणित हुने गरेको छ । विदेश स्थित नेपाली नियोगमा कागजात प्रस्तुत गर्दा नेपाली नागरिकताको प्रमाण पत्र पेश नगरी कुनै पनि नियोगले निवेदन स्विकार गर्न नसक्ने भएको हुँदा यसरी चर्को शुल्क असूल गर्ने नियोगहरूले विदेशी हैसियतमा लिएको भएपनि सो सम्बन्धि कानूनी व्यवस्था छैन । नेपाली नागरिकहरूबाट नै गैहकानूनी रुपमा चर्को शुल्क असुल उपर गर्ने कार्य राज्यबाट तुरुन्त बन्द गरिनु आवश्यक छ । यसर्थ सम्मानित न्यायलयबाट सो तर्फ समेत ध्यानाकर्षण गराउन चाहान्छु । विपक्षीसँग सूचना माग गर्दा मिति २०७५/०३/३२ को मन्त्रिपरिषद्को निर्णयको आधारमा शुल्क लिने गरेको भनी जवाफ प्राप्त भयो । तर, विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट जारी पत्रमा परराष्ट्र मन्त्रालयसँग सूचना माग गर्नु भनिएको हुँदा उक्त सूचना दिन नमान्नुको कारण विपक्षीबाट खुलेको छैन । विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेवसाइटमा गई मिति २०७५/०३/३२ को ७ पेजको निर्णय डाउनलोड गरी अध्ययन गर्दा विपक्षीहरूले सूचनाको हकसम्बन्धि पत्रमा उल्लेख भएको व्यहोरा कुनैपनि देखिएन । यसरी हुँदै नभएको निर्णयलाई हवालाई दिई राज्य र राज्यका निकायबाट भइरहेको गैहकानूनी कार्यलाई रोकि पाऊँ । उल्लेखित संवैधानिक र कानूनी व्यवस्था बमोजिम विपक्षीहरूले सूचनाको हक सम्बन्धि ऐनको आधारमा माग गरेको सूचना लुकाई अधिकृत वारिसनामा प्रमाणित गर्दा प्रचलित कानून बमोजिम शुल्क लिनु पर्नेमा विदेशको नियोग अनुसार फरक-फरक दस्तुर लिई आम नेपाली नागरिकहरूबाट चर्को रकम असुल उपर गरी आइरहेको हुँदा विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट मिति २०७५/०३/३२ मा भएको निर्णय तथा सो निर्णयका आधारमा जारी भएका सूचना, पत्राचार, परिपत्र तथा अन्य जुनसुकै व्यवस्था विद्यमान भएमा सो समेत उत्प्रेषणको आदेशले बदर गरी यस्ता गैहकानूनी निर्णय, परिपत्र तथा अन्य जुनसुकै आज्ञा आदेश समेत कार्यान्वयन नगर्नु नगराउनु भनि विपक्षीका नाममा परमादेशको आदेश लगायत अन्य जो चाहिने उपयुक्त

आज्ञा आदेश समेत जारी गरी पाउँ । विपक्षी परराष्ट्र मन्त्रालय मातहतका नियोगहरूले हालसम्म पनि चर्को शुल्क लिने कार्य गरिरहेको देखिएको हुँदा उक्त कार्य तत्काल रोकी सो रोकिएको जानकारी सम्बन्धित देशका नियोगलाई जानकारी गराई सम्मानित अदालतलाई समेत सोको प्रतिवेदन पेश गर्न सर्वोच्च अदालत नियमावली २०७४को नियम ४९ बमोजिम अन्तरिम आदेश समेत जारी गरी पाऊँ भन्ने समेत व्यहोराको अधिवक्ता दिपकराज जोशीले मिति २०८०/०६/२३ मा यस अदालतमा दर्ता गराएको रिट निवेदन पत्र ।

२ यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए सोको आधार र कारण सहित बाटोको म्याद बाहेक सूचना म्याद पाएका मितिले १५ दिन भित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको नक्कल समेत साथै राखी विपक्षीहरूका नाममा सूचना म्याद जारी गरी म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नू । साथै अन्तरिम आदेश जारी गरी पाउन माग गरेतर्फ विचार गर्दा दुबै पक्षलाई छलफलमा राखेर मात्र निष्कर्षमा पुग्न मनासिब हुने देखिंदा सो प्रयोजनको लागि छलफल हुने मिति तोकी छलफलमा उपस्थित हुन विपक्षीहरूलाई सूचना दिई गर्नू भनी मिति २०८०/०६/२५ मा यस अदालतबाट भएको आदेश।

३ परराष्ट्र मन्त्रालय र अन्तर्गतका निकायहरूले मिति २०६०/०५/२२को नेपाल सरकार (मन्त्रिपरिषद्)को निर्णय बमोजिम प्रमाणीकरण दस्तुर लिने गरेकोमा त्यस्तो दस्तुरमा एकरूपता नभएको, आ.व. २०७५/७६को बजेट वक्तव्यको बुँदा नं. २६४ मा गैरकरका दरहरूलाई पुनरावलोकन गरिने व्यहोरा उल्लेख भएको र मिति २०७५/०१/३१ मा नेपाल राजपत्रमा प्रकाशित वैदेशिक रोजगार सम्बन्धी मागपत्र जाँचबुझ निर्देशिका, २०७५को बुँदा नं. ७ मा वैदेशिक रोजगारसम्बन्धी मागपत्रको आधिकारिकता जाँचबुझ गर्दा लाग्ने सेवा शुल्क परराष्ट्र मन्त्रालयले निर्धारण गरे बमोजिम हुने व्यवस्था गरिएकोले यी नै व्यवस्था कार्यान्वयन गर्न र विभिन्न नियोगहरूले लिने गरेको दस्तुरमा संशोधन गरी एकरुपता कायम गर्न अर्थ मन्त्रालयको सहमतिमा नेपाल सरकार (मन्त्रिपरिषद्)बाट मिति २०७५/०३/३२ मा साविकमा कायम रहेको प्रमाणीकरण दस्तुर खारेज गरी मिति २०७५ श्रावण १ गते देखि नयाँ दस्तुर लागू गरेको हुँदा सोही नयाँ दस्तुर नै परराष्ट्र मन्त्रालय र अन्तर्गतका निकायहरूले संकलन गरिरहेका हुन, । कानुनी व्यवस्था कार्यान्वयन गर्न र प्रमाणीकरण दस्तुरमा एकरुपता कायम गर्नका लागि नेपाल सरकार (मन्त्रिपरिषद्)बाट भएको निर्णय बमोजिम यस मन्त्रालय र अन्तर्गतका निकायहरूले संकलन गरिरहेको प्रमाणीकरण दस्तुर समय अनुसार उचित र कानून सम्मत रहेको छ । मन्त्रालयलाई यस विषयमा विपक्षी बनाई

रिट निवेदन दिनुको कुनै औचित्य नरहेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको परराष्ट्र मन्त्रालयको तर्फबाट मिति २०८०/०७/२१ मा यस अदालतमा दर्ता भएको लिखित जवाफ ।

४ नेपाली श्रमिकहरूलाई व्यक्तिगत रुपमा आवश्यक पर्ने साधारण प्रकृतिका सिफारिस तथा भारत, बंगलादेश लगायतका दक्षिण एशियाली मुलुकहरूमा धेरै नेपाली विद्यार्थीहरू रहेको सन्दर्भमा शैक्षिक प्रमाणपत्र एवं अध्ययन प्रयोजनका कागजातहरू प्रमाणीकरणका लागि तोकिएको दस्तुर लिइएमा विद्यार्थीहरूलाई मर्का पर्ने भएकोले सोमा पुनरावलोकन गर्नुपर्ने भन्ने व्यहोराका सुझावहरू सम्बन्धित मुलुकका नियोगहरूबाट प्राप्त हुन आएका थिए । ती सुझावहरू समेतलाई समावेश गरी मिति २०७५/०३/१५ को नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय संशोधन गरी सुझाव बमोजिमको प्रमाणीकरण दस्तुर कायम गर्नका लागि नेपाल सरकार (कार्य सम्पादन) नियमावली, २०६४को अनुसूची-१को विषय संख्या ६ बमोजिम नेपाल सरकार, परराष्ट्र मन्त्रालयबाट पेस भई आए बमोजिम प्रमाणीकरण दस्तुरमा संशोधन गरीएको हो । प्रमाणिकरण दुतुरमा एकरुपता कायम गरीएको विषयमा कोही कसैलाई मर्का नपरोस भन्ने असल उद्देश्य र मनसायले अनुसूची-२ बमोजिम समूह विभाजनका आधारमा अधिकृत बारेसनामा लगायतका सम्बन्धमा प्रमाणीकरण दस्तुरमा एकरूपता कायम गर्ने गरी नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७५/०३/३२ मा भएको हो । सो निर्णयलाई अन्यथा भन्न मिल्दैन । कानून विपरीत प्रमाणीकरण दस्तुर लिएको भन्ने देखिएमा ठोस र आधारयुक्त प्रमाणसहित निवेदन दिएका अवस्थामा अधिकारप्राप्त निकायबाट सो विषयमा आवश्यक कारबाही हुन सक्छ । विपक्षीले रिट निवेदनमा उठान गर्नु भएको प्रमाणीकरण दस्तुरका सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७५/०३/३२ मा भएको निर्णयमा चित्त नबुझेको भए चित्त नबुझेको विषयका सम्बन्धमा निजले आफ्नो सार्थक सम्बन्ध र तात्विक सरोकार रहे भएको विषय पुष्टि गरी तत् समयमा नै उपचार खोज्नु पर्नेमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट उल्लेखित विषयमा निर्णय भएको पाँच वर्ष भन्दा बढी समय व्यतित भए पश्चातमात्र उपचार खोजेको देखिएकाले यस विषयमा विलम्बको सिद्धान्त समेत आकर्षित हुने हुँदा विपक्षीको निवेदन खारेज भागी छ भन्ने समेत व्यहोराको नेपाल सरकार, मन्त्रिपरिषद्को तर्फबाट मिति २०८०/०७/२४ मा यस अदालतमा दर्ता भएको लिखित जवाफ ।

५ निवेदकले नेपाल सरकार मन्त्रिपरिषद्बाट विभिन्न देशमा भएका नेपाली राजदूत वा महावाणीज्यदूतबाट प्रमाणित गरानु पर्ने अधिकृत बारेसनामा र अख्तियारनामा सम्बन्धमा मिति २०७५/०३/३२ मा निर्णय भएको भन्ने उल्लेख गरेको देखिंदा उक्त मितिको

निर्णयको सक्कल फायल परराष्ट्र मन्त्रालयबाट झिकाई अन्तरिम आदेशको पेशीको दिन महान्यायाधिवक्ताको कार्यालयमार्फत् पेश गर्नु भनी मिति २०८०/०९/०६ मा यस अदालतबाट भएको आदेश ।

## यस अदालतको आदेश

६ नियम बमोजिम पेसी सूचीमा चढी अन्तरिम आदेश छलफलका लागि यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदक अधिवक्ता श्री दिपकराज जोशीले मुलुकी देवानी कार्यविधि संहिता, २०७४को दफा १५३(४) र दफा १५४(५) ले तोकेको भन्दा वढी र फरक-फरक मुलुकहरूमा रहेका नियोगहरूले पृथक-पृथक तरिकाले शुल्क लिने गरेका कारण सेवा प्राप्त गर्दा नेपाली नागरिकले तिर्नु पर्ने शुल्कमा एकरूपता कायम हुन सकेको छैन । जसले गर्दा नागरिकले एकै प्रकारको सेवा प्राप्त गर्दा फरक दरले दस्तुर दाखिल गर्न परेको छ । यस्तो अवस्थामा नेपाली नागरिक समानताको हक भोग गर्नबाट वञ्चित भएका छन् । देवानी कार्यविधि संहिताले तोके भन्दा फरक हुने गरी मन्त्री परिषद्बाट रकम तोकि विधायिका निर्मित कानूनले निर्धारण गरेभन्दा वढी रकम लिने कार्य विधिको शासन विपरित भएको हुँदा विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मिति २०७५/०३/३२ मा भएको निर्णय तथा सो निर्णयका आधारमा जारी भएका सूचना, पत्राचार, परिपत्र समेत उत्प्रेषणको आदेशले बदर गरी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ ले तोके बमोजिमको शुल्क मात्र लिनु भनी परमादेशको आदेश जारी गरिपाउँ भनी बहस गर्नुभयो ।

७ विपक्षी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री विना दाहालले प्रमाणीकरण दस्तुरमा एकरुपता कायम गर्नका लागि नेपाल सरकार (मन्त्रिपरिषद्)बाट भएको निर्णय बमोजिम परराष्ट्र मन्त्रालय अन्तर्गतका निकायहरूले अधिकृत वारिसनामा र अख्तियारनामा प्रमाणिकरण दस्तुर संकलन गरिरहेको छ । उक्त प्रमाणीकरण दस्तुर समय अनुसार उचित र कानूनसम्मत रहेको हुँदा विपक्षीको रिट निवेदन खारेज गरी पाऊँ भनी गर्नु भएको बहस सुनियो ।

८ यसमा सार्वजनिक सरोकारको प्रस्तुत रिट निवेदनमा यी निवेदकले मेरो ल फर्मबाट मैले पनि विदेशमा रहेका नेपाली नागरिकहरूलाई सेवा दिने क्रममा अधिकृत वारिसनामा प्रमाणित गर्ने कार्य गरेको छु । मुलुकी देवानी कार्यविधि संहिता, २०७४को दफा १५३(४) मा अधिकृत वारिसनामा प्रमाणित गरेको दस्तुर रू. ५००।- (पाँच सय) लाग्ने व्यवस्था छ । दफा १५४(५) अनुसार तीन पुस्ता भित्रकोलाई दफा १५३(४) अनुसार र बाँकीको हकमा रू. ५,०००।- (पाँच हजार रूपैयाँ) लिने व्यवस्था छ । अधिकृत

वारिसनामा प्रमाणित गर्दा प्रचलित कानून बमोजिम शुल्क लिनु पर्नेमा विदेशको नियोग अनुसार फरक-फरक दस्तुर लिई आम नेपाली नागरिकहरूबाट चर्को रकम असुल उपर गरी आइरहेको हुँदा विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मिति २०७५/०३/३२ मा भएको निर्णय तथा सो निर्णयका आधारमा जारी भएका सूचना, पत्राचार, परिपत्र तथा अन्य जुनसुकै व्यवस्था विद्यमान भएमा सो समेत उत्प्रेषणको आदेशले बदर गरी यस्ता गैह्रकानूनी निर्णय, परिपत्र तथा अन्य जुनसुकै आज्ञा आदेश समेत कार्यान्वयन नगर्नु नगराउनु भनि परमादेशको आदेश समेत माग गरेको देखिन्छ ।

९ विपक्षी परराष्ट्र मन्त्रालयको तर्फबाट कानूनी व्यवस्था कार्यान्वियन गर्न र प्रमाणीकरण दस्तुरमा एकरुपता कायम गर्नका लागि नेपाल सरकार (मन्त्रिपरिषद्)बाट भएको निर्णय बमोजिम यस मन्त्रालय अन्तर्गतका निकायहरूले संकलन गरिरहेको अधिकृत वारिसनामा र अख्तियारनामा प्रमाणीकरण दस्तुर समय अनुसार उचित र कानून सम्मत रहेको छ समेत भनि लिखित जवाफ परेको देखिन्छ ।

१० त्यसैगरी नेपाल सरकार, मन्त्रिपरिषद्को तर्फबाट अधिकृत वारेसनामा लगायतका सम्बन्धमा प्रमाणीकरण दस्तुरमा एकरूपता कायम गर्ने गरी नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७५/०३/३२ मा भएको निर्णयलाई अन्यथा भन्न मिल्दैन । विपक्षी निवेदकले आफ्नो सार्थक सम्बन्ध र तात्विक सरोकार रहे भएको विषय पुष्टि गरी तत् समयमा नै उपचार खोज्नु पर्नेमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट उल्लेखित विषयमा निर्णय भएको पाँच वर्ष भन्दा बढी समय व्यतित भए पश्चातमात्र विलम्ब गरी उपचार खोजेको देखिएकाले यस विषयमा विलम्बको सिद्धान्त समेत आकर्षित हुने हुँदा निवेदन खारेज हुनु पर्दछ भनी लिखित जवाफ प्रस्तुत गरेको देखिन्छ ।

११ अब अन्तरिम आदेश छलफलका लागि यस इजलाससमक्ष पेस हुन आएको भएपनि प्रस्तुत रिट निवेदनमा लिखित जवाफ परी अङ्ग पुगिसकेकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ (४) बमोजिम पूर्ण सुनुवाई गर्न सकिने भएकोले देहायका प्रश्नमा केन्द्रित रही निर्णय दिनु पर्ने देखियो ।

(क) यी निवेदकको प्रस्तुत रिट निवेदनको विवादको विषयमा सार्थक सम्बन्ध र तात्विक सरोकार रहेको छ, छैन ?

(ख) प्रस्तुत निवेदनमा विलम्वको सिद्धान्त लागु हुने हो, होइन ?

(ग) नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७५/०३/३२ को निर्णय नेपालको संविधान र मुलुकी देवानी संहिता, २०७४ को दफा १५३ र १५४ को प्रतिकुल छ, छैन ?

(घ) निवेदन मागबमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेश जारी हुनुपर्ने हो, होइन ?

१२ निर्णयतर्फ विचार गर्दा, सर्व पहिलो प्रश्नको हकमा हेर्दा विपक्षी नेपाल सरकार मन्त्रिपरिषद्को तर्फबाट पेश भएको लिखित जवाफमा यी रिट निवेदकको अधिकृत वारेसनामा र अख्तियारनामा प्रमाणिकरणको दस्तुर सम्बन्धी विषयमा निवेदकको सार्थक सम्बन्ध र तात्विक सरोकार रहेको नदेखिएकाले निवेदन दायर गर्ने हकदैया नरहेको भन्ने जिकिर लिएकाले तत्सम्बन्धमा हेर्दा, सार्वजनिक सरोकारको विवाद भनी अदालतमा विवाद लिई आउने निवेदकको सार्थक सम्बन्ध र तात्विक सरोकार हुनुपर्ने कुरा यस अदालतबाट स्थापित मान्यता हो । यस अदालतबाट सार्वजनिक सरोकारको हकका सम्बन्धमा **राधेश्याम अधिकारी विरुद्ध मन्त्रिपरिषद कार्यालय** भएको रिटमा देहायको व्याख्या भएको छ ।[1]

> यदि कसैले कानून बर्खिलाप कुनै काम गरेर कुनै खास व्यक्ति वा व्यक्तिहरूलाई कुनै खास क्षति पुऱ्याउँछ भने त्यो कुरा त्यस्तो व्यक्ति वा व्यक्तिहरूको व्यक्तिगत हक वा सरोकारको कुरा हुन्छ । त्यस्तै यदि कसैले कानून वा संविधानबमोजिम कुनै खास व्यक्ति वा व्यक्तिहरूको सम्बन्धमा पालन गर्नु पर्ने कुनै कानूनी कर्तव्यको पालन गरेन भने त्यो पालन गराउने कुरा पनि त्यस्तो व्यक्ति वा व्यक्तिहरूको व्यक्तिगत हक वा सरोकारको कुरा मानिन्छ ।

१३ यसरी कुनै सार्वजनिक निकाय वा पदाधिकारीले संविधान वा कानूनबमोजिम गर्नुपर्ने कुनै काम नगरेको वा गर्न नहुने कुनै काम गरेको कारणबाट जनसाधारणको हक, हित वा स्वार्थमा प्रतिकूल असर परेको कुरा सार्वजनिक हक वा सरोकारको विषय हुन्छ ।साथै सर्वसाधारण जनता वा कुनै जनसमुदायको सामुहिक हित वा स्वार्थको प्रतिनिधित्व गर्ने वा त्यस्तो हित वा स्वार्थ अनुकूल वा प्रतिकूल प्रभाव पार्ने कुनै पनि कुरा सार्वजनिक सरोकारको विषयको रुपमा मान्नुपर्ने हुन्छ । प्रस्तुत निवेदनमा अधिकृत वारेसनामा र अख्तियारनामा सम्बन्धी लिखत प्रमाणीकरण गर्दा त्यस्तो लिखत प्रमाणीकरणमा लाग्ने

[1] ने.का.प. २०४८ अंक १२ नि.नं. ४४३०

दस्तुर सर्वसाधारण जनता वा जनसमुदायको सामूहिक हितसंग सम्बन्धित हुने कुरामा कुनै विवाद हुन सक्दैन ।त्यसैले, यस्तो कानूनी लिखत प्रमाणिकरणमा लिइने दस्तुर सम्बन्धमा जुनसुकै सचेत नागरिकको सरोकार रहने हुन्छ। त्यसमा पनि निवेदक सचेत नेपाली नागरिक तथा कानून व्यवसायी रहेकोले निजको यस विषयमा निजको सार्थक सम्बन्ध र तात्विक सरोकार रहने नै हुन्छ । त्यसैले यी निवेदकको प्रस्तुत सार्वजनिक सरोकारको विवादको निवेदनमा सार्थक सरोकार र तात्विक सम्बन्ध नरहेको भन्ने लिखित जवाफसँग सहमत हुन सकिने अवस्था रहेन ।

१४ दोस्रो प्रश्नको हकमा हेर्दा, विपक्षी नेपाल सरकार, मन्त्रिपरिषद्को कार्यालयबाट प्रस्तुत लिखित जवाफमा प्रस्तुत निवेदन निर्णय भएको पाँच वर्ष भन्दा बढी समय व्यतित भए पश्चात मात्र उपचार खोजेको देखिएकाले विलम्बको सिद्धान्त समेतका आधारमा रिट निवेदन खारेज गरी पाउँ भनी माग गरेको देखियो ।कुनै व्यक्तिले अधिकारको उल्लङ्घन भएको भनी न्यायिक उपचारको खोजी गर्ने व्यक्ति समयमै अदालत प्रवेश नगरेमा त्यस्ता व्यक्तिलाई अदालतले न्याय प्रदान गर्न इन्कार गर्न सक्ने गरी न्याय प्रशासनको एक महत्वपूर्ण सिद्धान्तका रूपमा विलम्बको सिद्धान्तलाई हाम्रो न्यायिक अभ्यासमा अवलम्बन गर्दै आएको पाइन्छ । तर, विलम्बलाई कानूनले निर्धारण गरेको हदम्याद जस्तो यान्त्रिक रूपमा संकिर्ण रुपमा व्याख्या र प्रयोग गरिनु न्यायको रोहमा उचित हुँदैन । विलम्बलाई हदम्यादसम्बन्धी प्रचलित कानूनले हदम्याद तोके जस्तै समय सिमा निर्धारण गरी हेरिनु हुँदैन ।यसो गर्नु विलम्बको सिद्धान्तको प्रतिकूल हुन जान्छ । विलम्बको सिद्धान्तलाई समन्यायको सिद्धान्त मानिने भएकाले बिलम्बका कारण समन्यायलाई पराजित गर्न सक्दैन। **न्यायको याचना गर्दै असाधारण अधिकार क्षेत्राधिकार प्रयोग गरी अदालत प्रवेश गर्ने ब्यक्तिले अनुचित रुपमा विलम्ब वा ढिलाई गरेको स्पष्ट रुपमा स्थापित नभएसम्म न्याय प्रदान गर्ने कुरामा विलम्बको सिद्धान्त बाधक हुन सक्दैन । निवेदक कति समय ढिलो भनी समयको गणनाका आधारमा विलम्बलाई नहेरी न्यायको याचना गरी अदालतमा प्रवेश गर्ने ब्यक्तिले अनुचित विलम्ब गरेको छ छैन भनी हेर्नु पर्ने हुन्छ । विलम्बको सिद्धान्तमा समयको यान्त्रिक गणना भन्दा पनि निवेदकले उपचार खोज्न जानिजानी लापरवाहि वा अकर्मण्यता वा अनुचित ढिलाई गरेको छ वा छैन भनी हेरिन्छ । के कस्तो अवस्थामा विलम्बको सिद्धान्त लागू हुने भन्ने सम्बन्धमा मुद्दाको विषयवस्तु र सो को अवस्था समेतलाई मध्यनजर गर्नु पर्ने हुन्छ । साथै बिलम्ब हुनुमा उचित र मनासिब कारण भएमा विलम्बको सिद्धान्त आकर्षित हुन सक्दैन । अनुचित रुपमा बिलम्ब गरिएको**

देखिँदैन र न्यायका लागि आवश्यक भएमा विलम्बको सिद्धान्त आकर्षित हुने भनी न्याय निरुपणमा इन्कार गर्नु न्यायोचित हुँदैन ।

१५ माथिल्लो प्रकरणमा उल्लिखित समग्र सैद्धान्तिक मान्याताका आलोकमा प्रस्तुत निवेदनमा हेर्दा, एकातर्फ प्रस्तुत निवेदनमा उठान भएको विषयमा नेपाली नागरिकलाई निरन्तर रूपमा प्रभाव पारी रहेको विषय सन्निहित छ भने अर्कोतर्फ मन्त्रिपरिषद्को निर्णय उपर न्यायिक परीक्षणको विषय समेत समावेश भएको देखिन्छ । **कानून विपरित भए गरेका निर्णयबाट सर्वसाधारणलाई प्रथम दृष्टिमै असर पर्ने देखिएको अवस्थामा निवेदक अनुचित बिलम्ब गरी अदालत प्रवेश गरेको भन्न र विलम्बको सिद्धान्तका आधारमा अदालतले विवादको विषयमा प्रवेश गरी निरुपण गर्न इन्कार गर्नु विलम्बको सैद्धान्तिक अवधारणा, न्याय र विवेक समेतका दृष्टिले उपयुक्त र न्यायोचित हुदैन ।** विलम्बको सिद्धान्तका आधारमा प्रस्तुत निवेदन खारेज हुनुपर्दछ भन्ने विपक्षी नेपाल सरकारको लिखित जवाफ जिकिर ग्रहणयोग्य देखिएन ।

१६ अब तेस्रो प्रश्नको हकमा हेर्दा, प्रस्तुत रिट निवेदनमा उठान भएका विषय अधिकृत वारेसनामा प्रमाणीकरण दस्तुर बापत विदेश स्थित नेपाली राजदूतावास, नेपाली महावाणिज्य दूतावास र संयुक्त राष्ट्रसंघका लागि नेपाली स्थायी नियोगले के कति दस्तुर निर्धारण गरेका छन् भनी सम्बन्धित निकायका आधिकारिक वेवसाइटको अवलोकन गरी हेरियो । यसरी अवलोकन गर्दा तालिकामा उल्लेख भएबमोजिमको फरक-फरक देशको मुद्रामा दस्तुर निर्धारण गरेको देखिन्छ । साथै आज मिति २०८०/१०/०८ का दिन नेपाल राष्ट्र बैंकले निर्धारण गरेको ती विदेशी मुद्राको विनिमयदरले हुन आउने नेपाली रकम समेतको विवरण तालिका बमोजिम रहेको देखिन्छ ।[२]

**तालिका १ (नेपाली राजदूतावासहरू)**

| क.स. | नेपाली राजदूतावास रहेको देश | रकम | सटहि दर | नेपाली रकम |
|---|---|---|---|---|
| १ | अष्ट्रेलिया | अष्ट्रेलियन डलर ३०० | १को रू.८७।६२ | रू. २६,२८६।- |
| २ | बहराइन | बहराइन डिनार ३८ | १को ३५२।७९ | रू.१३,४०६।०२ |
| ३ | बंगलादेश | टाका १०७०० | १को १।२११९ | रू. १२,९७९।३३ |
| ४ | बेल्जियम | २०० युरो | १को १४३।५९ | रू.२८,७१८।- |
| ५ | ब्राजिल | रेल १,०८० | १को २६।६४८ | रू. २८,७७९।८४ |
| ६ | क्यानाडा | क्यानाडियन डलर २७० | १को रू.९८।८० | रू.२६,६७६।- |
| ७ | चाइना | चिनिया युआन ७०० | १को १८।४८३ | रू.१२,९३८।१ |

२ Retrieved from (2024/01/22). https://www.nrb.org.np/forex/

| | | | | |
|---|---|---|---|---|
| ८ | डेनमार्क | डेनिस क्रोन १६००. | १को रू.१८।४८ | रू. २९,५६८।- |
| ९ | इजिप्ट | इजिप्सियन पौण्ड १८०० | १को रू. ४।३१०२ | रू. ७,७५८।३६ |
| १० | फ्रान्स | युरो २०० , | १को रू १४३।५९ | रू. २८,७१८।- |
| ११ | जर्मनी | युरो १८० | १को रू १४३।५९ | रू. २५,८४६।२ |
| १२ | भारत | भारतीय रूपैयाँ ८००० | १को रू. १।६० | रू. १२,८००।- |
| १३ | इजरायल | सेकेल ८०० | १को रू. ३५।३८४ | रू. ३८,२६७।२ |
| १४ | जापान | येन २४००० | १०को रू.९।९९ | रू.२३,९७६।- |
| १५ | दक्षीण कोरिया | कोरियन वन ३००,०००। | १००को रू. ८।९८ | रू. २६,९४०।- |
| १६ | कुवेत | कुवेती दिनार ३१ | १को रू.४३१।३३ | रू.१३,३७१।२३ |
| १७ | मलेसिया | रिङगीट ५०० | १को रू २८।०४ | रू. १४,०२०।- |
| १८ | ओमान | ओमानी रियाल ३९ | १को रू. ३४५।४३ | रू. १३,४७१।७७ |
| १९ | पाकिस्तान | पा.रु.२९,०००।- | १ को रू. ०।४७५४२ | रू. १३,७८७।१८ |
| २० | कतार | शुल्क, कतारी रियालमा ३६५ | १को रू.३६।४० | रू. १३,२८६।- |
| २१ | रसिया | रूवल २००००।- | १को रू. १।५१०५. | रू. ३०,२१०।- |
| २२ | साउदि अरव | रियल ३७५ | १को रू.३५।३९ | रू. १३,२७१।२५ |
| २३ | दक्षीण आफ्रिका | दक्षीण अफ्रिकी र्‍यान्ड २००० | १को रू. ६।९२२५ | रू. १३,८४५।- |
| २४ | श्रीलंका | अमेरिकि डलर १०० | १को १३२।७२ | रू. १३,२७२।- |
| २५ | थाइल्यड | थाइ भाट ४००० | १को रू.३।७३ | रू. १४,९२०।- |
| २६ | संयुक्त अरब इमिडेट | युएई दिराम ३७० | १को रू.३६।१३ | रू. १३,३६८।१ |
| २७ | संयुक्त अधिराज्य वेलायत | वेलायत पाउण्ड १५५ | १को रू. १६८।९५ | रू. २६,१८७।२५ |
| २८ | संयुक्त राज्य अमेरिका | अमेरिकि डलर २०० | १को रू. १३२।७२ | रू. २६,५४४।- |
| २९ | स्पेन | युरो २०० | १को १४३।५७ | रू. २८,७१४।- |

## तालिका २ (नेपाली महावाणिज्य दूतावासहरू)

| क.स. | नेपाली महावाणिज्य दूतावासको नाम | रकम | सटहि दर | नेपाली रकम |
|---|---|---|---|---|
| १ | कल्कत्ता भारत | भारतिय रूपैयाँ ८००० | १को रू. १।६० | रू. १२,८००।- |
| २ | हङकङ | हङकङ डलर एभकेडी १६०० | १को रू.१६।९९ | रू. २७,१८४।- |
| ३ | चाइना ह्लाउ | चिनिया युआन (RMB) ७०० | १को १८।४८ | रू. १२,९३६।- |
| ४ | संयुक्त राज्य | अमेरिकि डलर २०० | १को रू. १३२।७२ | रू. २६,५४४।- |

| | | | | |
|---|---|---|---|---|
| | अमेरिका (न्यू योर्क) | | | |
| ५ | साउदी अरव | साउदि रियल ३७५ | १को रू.३५।३९ | रू. १३,२७१।२५ |
| ६ | चाइना गन्जाव | चिनिया युआन (RMB) ७०० | १को १८।४८ | रू. १२,९३६।- |
| ७ | चाइना छेन्दु | चिनिया युआन (RMB) ७०० | १को १८।४८ | रू. १२,९३६।- |

### तालिका ३ (संयुक्त राष्ट्रसंघका नेपाली स्थायी नियोगहरू)

| क्र.स. | संयुक्त राष्ट्रसंघका नेपाली स्थायी नियोगको नाम | रकम | सटहि दर | नेपाली रकम |
|---|---|---|---|---|
| १ | संयुक्त राज्य अमेरिका (न्यू योर्क) | २०० | १को रू. १३२।७२ | रू. २६,५४४।- |
| २ | अष्ट्रिया (भियना) | युरो २०० | १को रू.१४३।५९ | रू. २८,७१८।- |

१७ विपक्षीहरूका तर्फबाट पेश भएका लिखित जवाफहरूमा प्रमाणीकरण दस्तुरमा एकरूपता कायम गर्नका लागि अर्थ मन्त्रालयको सहमतिमा नेपाल सरकार (मन्त्रिपरिषद्)को कार्यालयबाट मिति २०७५/०३/३२ मा साविकमा कायम रहेको प्रमाणीकरण दस्तुर खारेज गरी मिति २०७५/०४/०१ देखि नयाँ दस्तुर लागू गरेको भनी जिकिर लिएको देखिन्छ । तर माथि तालिका १ देखि तालिका ३ सम्म उल्लेखित विवरणबाट नै फरक-फरक स्थानमा अधिकृत वारिसनामा र अख्तियारनामा प्रमाणीकरण दस्तुरमा पृथक पृथक राजश्व रकम (गैरकर राजश्व) निर्धारण गरेको देखिएबाट विपक्षी नेपाल सरकारको लिखितजवाफ व्यहोरा खण्डित भइरहेको देखियो ।

१८ परराष्ट्र मन्त्रालयको तर्फबाट प्रस्तुतको लिखित जवाफको प्रकरण २को खण्ड (क) मा परराष्ट्र मन्त्रालय र अन्तर्गतका निकायहरूले मिति २०६०/०५/२२को नेपाल सरकार (मन्त्रिपरिषद्)को निर्णय बमोजिम प्रमाणीकरण दस्तुर लिने गरेकोमा त्यस्तो दस्तुरमा एकरूपता नभएको, आ.व. २०७५/७६को बजेट वक्तव्यको बुँदा नं. २६४ मा गैरकरका दरहरूलाई पुनरावलोकन गरिने व्यहोरा उल्लेख भएको र मिति २०७५/०१/३१ मा नेपाल राजपत्रमा प्रकाशित वैदेशिक रोजगार सम्बन्धी मागपत्र जाँचबुझ निर्देशिका, २०७५ को बुँदा नं. ७ मा वैदेशिक रोजगार सम्बन्धी मागपत्रको आधिकारिकता जाँचबुझ गर्दा लाग्ने सेवा शुल्क परराष्ट्र मन्त्रालयले निर्धारण गरे बमोजिम हुने व्यवस्था गरिएकोले सो व्यवस्था कार्यान्वयन गर्न र विभिन्न नियोगहरूले लिने गरेको दस्तुरमा संशोधन गरी एकरुपता कायम गर्न अर्थ मन्त्रालयको सहमतिमा नेपाल सरकार (मन्त्रिपरिषद्)बाट मिति २०७५/०३/३२ मा साविकमा कायम रहेको प्रमाणीकरण दस्तुर खारेज गरी मिति

२०७५ श्रावण १ गते देखि नयाँ दस्तुर लागू गरेको हुँदा सोही नयाँ दस्तुर नै परराष्ट्र मन्त्रालय र अन्तर्गतका निकायहरूले संकलन गरिरहेका हुन भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ । वैदेशिक रोजगार सम्बन्धि लिखत भनेर कुनै पनि व्यक्ति रोजगारिका लागि आफ्नो मुलुकको सिमा पार गरी अन्य कुनै देशमा रोगारिका लागि जाने र पठाउने सम्बन्धमा भए गरेका लिखतलाई बुझिन्छ । तसर्थ अधिकृत वारिसनामा र अख्तियारनामा सम्बन्धि लिखतलाई वैदेशिक रोजगार सम्बन्धि लिखतको संज्ञा दिन मिल्ने देखिँदैन ।

१९ प्रस्तुत निवेदनमा निरुपण गर्नु पर्ने विवादका विषयसँग सम्बन्धित विद्यमान/प्रचलित कानून मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५३ मा अधिकृत वारिस सम्बन्धी व्यवस्था हेर्दा, सो दफाको उपदफा (३) ले **वारिसनामा प्रमाणित गराउन चाहनेले वारिसनामाको कागजमा आफ्नो र वारिस नियुक्त हुने व्यक्तिको फोटो टाँसी वारिस लिने दिने दुवैको नेपाली नागरिकताको प्रमाणपत्र वा राहदानीको प्रतिलिपि जिल्ला न्यायाधीश वा नेपाली राजदूतावास वा महावाणिज्य दूतावास समक्ष पेश गर्नु पर्ने छ** भनी अधिकृत वारिसनामा प्रमाणित गर्ने निकाय र प्रमाणीकरणका लागि लिखत (अधिकृत वारिसनामा) पेश गर्ने विधि समेत निर्धारण गरेको छ । त्यस्तै सोहि दफाको उपदफा (४) मा **उपदफा (३) बमोजिम वारिसनामा प्रमाणित गर्दा पाँच सय रूपैयाँ** दस्तुर लाग्ने व्यवस्था रहेको छ । यसैगरी सोही संहिताको दफा १५४ को उपदफा (५) मा **यस दफा बमोजिमको अख्तियारनामा प्रमाणित गर्दा तीन पुस्ताको नाताभित्र** भएमा **दफा १५३को उपदफा (४) बमोजिम र सो बाहेक अरुलाई सम्पत्ति बिक्रि गर्ने वा हक छाडि दिने गरी गरिएको अख्तियारनामा प्रमाणीत गर्दा पाँच हजार रूपैयाँ दस्तुर लाग्नेछ** भनी अधिकृत वारिसनामा प्रमाणीकरण गरे वापत लाग्ने दस्तुर समेतको विधायिका निर्मित कानूनले नै स्पष्ट व्यवस्था गरेको छ । यसरी प्रचलित कानूनले अधिकृत वारिसनामा प्रमाणीकरण दस्तुर रू. ५००।- र अरुलाई सम्पत्ति बिक्रि गर्ने वा हक छाडि दिने गरी गरिएको अख्तियारनामा प्रमाणीत गर्दा तीन पुस्ता वाहिरको भए रू. ५,०००।- दस्तुर लाग्ने गरी भएको प्रष्ट कानूनी व्यवस्थाको विपरित हुने गरी सबै खालका अधिकृत वारिसनामा कानूनले तोके भन्दा फरक दस्तुर निर्धारण गर्ने अधिकार र छुट कार्यपालिकीय अंगलाई हुन सक्दैन ।

२० नेपालको संविधानले धारा ११५, २०३ र २२८ मा कानूनबमोजिम बाहेक कर लगाउन तथा उठाउन नपाउने व्यवस्था गरेको छ । कानूनबमोजिम बाहेक कर नेपालको संविधानको धारा १८ को उपधारा (१)मा **सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन्। कसैलाई पनि कानूनको समान संरक्षणबाट बन्चित गरिने छैन** भन्ने व्यवस्था रहेको छ । सोहि धाराको उपधारा (२)मा **सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति,**

लिंग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन भन्ने व्यवस्था रहेको छ । यसैगरी उल्लेखित धारको उपधारा (३) मा राज्यले समान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, बर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदवाभाव गर्ने छैन भनी समानताको हकको व्यवस्था गरेको छ । हाम्रो मुलुकले संवैधानिक सर्वोच्चताको सिद्धान्तको अवलम्वन गरेको छ । नेपालको संविधान नेपालको मूल कानून हो । विधायिका निर्मित कानून समेत संविधानसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुन्छन् । संविधान र कानूनको पालना गर्नु प्रत्यक व्यक्ति वा निकायको कर्तव्य हो। त्यसैले संविधान र कानूनको भावना अनुकुल हुने गरी कार्य गर्नु प्रत्येक प्राकृतिक वा कानूनी व्यक्तिको दायित्व हुन्छ । यस कुरामा राज्यसंयत्रले वढीनै चनाखो भइ संविधान र कानूको भावना अनुकुल हुने गरी नागरिक र मुलुकको हितमा कार्य गर्नु पर्ने हुन्छ । मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को १५३ र १५४ मा विधायिका निर्मित कानूनीले गरेको व्यवस्थामा भौगोलिक अवस्थिती तथा क्षेत्रका आधारमा नेपाली नागरिक विच फरक-फरक दस्तुर (शुल्क) निर्धारण गर्ने गरी व्यवस्था गरेको नदेखिएको अवस्थामा विधायिकाले गरेको कानूनी व्यवस्था र भावना विधायिकि मनसाय र संविधानले प्रत्याभूत गरेका समानताको हक प्रतिकूल हुने गरी कार्यपालिकाबाट दस्तुर निर्धारण गर्ने कार्य संविधान र कानून अनुरुप मान्न मिल्दैन ।यसो गर्नु किमार्थ संविधानको भावना, समानताको हक र मुलुकी देवानी कार्यविधि संहितामा सन्निहित विधायिकि मनसाय अनुकुल हुँदैन ।

२१ प्रतिनिधित्वबिना कर लगाउनु हुँदैन भन्ने सिद्धान्तलाई आत्मसात् गरी नेपालको संविधानले कानून बमोजिम बाहेक कुनै कर लगाइने र उठाइने छैन भन्ने व्यवस्था संघीय, प्रदेश र स्थानीय आर्थिक कार्यप्रणाली अन्तर्गत क्रमश धारा ११५, २०३ र २२८ व्यवस्था गरेको छ। कुनै पनि सरकारले आफूले लगाउने करका सम्बन्धमा कानूनमा स्पष्ट व्यवस्था गरेको हुनुपर्दछ । कार्यपालिकीय अधिकार प्रयोग गरेर कर तथा दस्तुर लगाउन र उठाउन पाईदैन। कानून स्पस्ट व्यवस्था गरेको कुराका बिपरित हुने गरी दस्तुर निर्धारण गर्ने, लगाउने र उठाउने अधिकार संविधानतः सरकारका कुनै पनि निकायले प्राप्त गर्दैनन् । लोक कल्याणकारी राज्यमा कुनै दस्तुरको व्यवस्था गर्दा जनताले सो दस्तुर तिर्न सक्ने तथा यस्तो दस्तुरबाट जनतालाई प्रत्यक्ष रूपमा फाइदा पुग्न सक्ने वा नसक्ने पर्याप्त विश्लेषण गरी नागरिकलाई सहज र सुविधा हुने गरी निर्धारण गर्नु पर्ने हुन्छ । नेपाल भित्र जिल्ला अदालतहरूले अधिकृत वारिसनामा र अख्तियारनामा प्रमाणित गर्दा मुलुकी देवानी

कार्यविधि संहिता, २०७४ को १५३ (४) र १५४ (५) ले निर्धारण गरेकै दस्तुर लिने गरेको पाइन्छ । यस स्थितिमा सरहद बाहिर भएकै आधारमा त्यी नियोगहरूले आफूखुसी अधिकृत वारिसनामा र अख्तियारनामा प्रमाणित गरेबापत मुलुकी देवानी कार्यविधि संहिता, २०७४ विपरित गई दस्तुर लगाउन मिल्ने देखिएन । यस अवस्थामा माथि तालिका १ देखि ३ सम्ममा उल्लेखित विवरणबाट विदेश स्थित कुटनीतिक नियोगहरूले भने अधिकृत वारिसनामा र अख्तियारनामा प्रमाणिकरण दस्तुर संवैधानिक र कानूनी व्यवस्थासँग अमिल्दो तवरले निर्धारण गरेको देखियो । यस्तो कार्यलाई न्यायोचित मान्न सकिने देखिएन ।

२२ **नेपालको संविधानले कुनै पनि नागरिकका विच भेदभाव गरिने छैन भनी समानताको हकको प्रत्याभुति गरेको अवस्थामा नेपालको प्रतिनिधित्व गर्ने कुटनैतिक नियोगहरू समेत नेपाल भित्रकै अंग भएकाले त्यहाँका सेवा सुविधाहरू लिने नागरिकहरूका विच भेदभाव गर्न पाइने अवस्था पनि हुँदैन । नेपाली कुटनैतिक नियोगहरूलाई आफैले कानून बनाई कुनै किसिमको दस्तुर वा शुल्क लिने अधिकार कुनै कानूनले प्रदान गरेको पनि देखिँदैन । यस अवस्थामा नेपाल सरकार (मन्त्रिपरिषद्)बाट प्रकाणिकरण दस्तुर निर्धारण सम्बन्धमा मिति २०७५/०३/३२ मा गरेको निर्णय कानून बमोजिम बाहेक कुनै किसिमको कर दस्तुर आदि लिन पाइने छैन भन्ने नेपालको संविधानको व्यवस्था समेतको प्रतिकूल रहेको देखियो ।**

२३ चौथो प्रश्नको हकमा हेर्दा, माथिल्ला प्रकरणहरूमा उल्लेख र विश्लेषण गरिए अनुसार अधिकृत वारिसनामा र अख्तियारनामा विदेश स्थित कुटनीतिक नियोगहरूमा प्रमाणित गर्दा मुलुकी देवानी कार्यविधी संहिता, २०७४ को दफा १५३ को उपदफा (४) र ऐ. संहिता दफा १५४ को उपदफा (५) मा विधायिकाले निर्दिष्ट गरेको रकम भन्दा फरक दस्तुर लिने गरी नेपाल सरकार मन्त्रिपरिषद्को कार्यालयबाट मिति २०७५/०३/३२ मा भएको निर्णय र सोका आधारमा भएका परिपत्र प्रचलित संविधान, कानून तथा न्यायका मान्य सिद्धान्त समेतको विपरित देखिन आएकोले उत्प्रेषणको आदेशले बदर गरी विधायिकाले निर्दिष्ट गरेको रकम मात्र लिनु, लिन लगाउनु भनी परमादेशको आदेश जारी गर्नु पर्ने देखियो ।

२४ अत: विवेचित आधार कारण तथा संवैधानिक तथा कानूनी व्यवस्थाका आधारमा मुलुकी देवानी कार्यविधी संहिता, २०७४ को दफा १५३ को उपदफा (४) र ऐ. संहिता दफा १५४ को उपदफा (५) ले निर्धारण गरेको भन्दा बढी हुने गरी विदेश स्थित कुटनितिक नियोगले दस्तुर लिन पाउने गरी नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७५/०३/३२

मा भएको निर्णय कानून प्रतिकूल देखिँदा उत्प्रेषणको आदेशले बदर गरिएको छ । साथै विदेश स्थित नेपाली राजदूतावास, महावाणिज्य दूतावास र संयुक्त राष्ट्रसंघका लागि स्थायी नियोगबाट अधिकृत वारेशनामा र अख्तियारनामा प्रमाणित गर्दा उल्लेखित ऐनको दफा १५३ को उपदफा (४) र दफा १५४ को उपदफा (५) ले निर्धारण गरेको दस्तुर मात्र लिने व्यवस्था गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ ।

२५ यो आदेश कार्यान्वयनको लागि महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई जानकारी दिई, आदेश कार्यान्वयनको अनुगमन गर्नु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १२७(४) बमोजिम फैसला कार्यान्वयन निर्देशनालयलाई समेत लेखी पठाउनू । प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी प्रस्तुत आदेश विद्युतीय प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ।

न्यायाधीश

उक्त रायमा सहमत छु ।

न्यायाधीश

इजलास अधिकृत:- दुर्गादत्त लम्साल

कम्प्यूटर अपरेटर :- प्रेमबहादुर थापा

इति संवत् २०८० साल माघ ०८ गते रोज २ शुभम् ------------------------।